# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २३९ काठमाडौं शुक्रबार, १३ पुस २०८० Prabhab National Daily Friday, December 29, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


दाहालको घोषणा

# संरचनामा 'फास्ट ट्र्याक', कार्यशैलीमा उही ताल

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले मंगलबारमात्र एक हप्ताभित्रै आफ्नो कार्यालयको पुनसंरचना गर्ने घोषणा गरेका थिए। उक्त घोषणा दुई दिन नबित्दै दाहालले फास्ट ट्र्याक शैलीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको संरचना परिवर्तनको निर्णय नै गरेका छन्।

बिहीबारको मन्त्रिपरिषद्ले प्रधानमन्त्री कार्यालयका ६८ दरबन्दी कटौती गर्ने निर्णय गरेको हो। 'प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीका नाममा गत मंलबार गर्नुभएको सम्बोधनबमोजिम प्रधानमन्त्री कार्यालयको पुनःसंरचना गरिएको छ, ६८ वटा दरबन्दी कटौती भएका छन्,' मन्त्रिपरिषद्को निर्णय सुनाउँदै सरकारकी प्रवक्ता रेखा शर्माले भनिन्।

प्रधानमन्त्री दाहालले आफ्नो कार्यालयको परिवर्तनलाई संकेतको रूपमा लिन सकिनेसमेत बताएका थिए। 'यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दै छु। सिंगो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुने छ,' मंगलबार सम्बोधनको क्रममा भनेका थिए।



बुधबार गोरखाको घ्यालचोकमा नातिनी, नातिनी ज्वाइँसँग फोटो खिचाउँदै प्रधानमन्त्री दाहाल। *तस्बिरः प्रधानमन्त्रीको सचिवालय*

घोषणाको दुई दिन नबित्दै दाहालले फास्ट ट्र्याक शैलीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको संरचना परिवर्तनको निर्णय

अपरिहार्यबाहेक बाहिरको कुनै कार्यक्रममा नजाने बताएका दाहाल भोलिपल्टै गोरखास्थित नातिनीको घर पुगेर आलोचित बनेका छन् भने आज दोलखाको चरिकोट पुग्दैछन्

### कति छन् प्रधानमन्त्री कार्यालयमा दरबन्दी ?

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा १ जना मुख्य सचिव, ५ जना सचिव, ११ जना सहसचिव, ३० जना उपसचिव,४६ जना शाखा अधिकृत, २ जना लेखा अधिकृत, शाखा अधिकृतअन्तर्गत ३ जना कम्प्युटर अधिकृत, १ जना कम्प्युटर इन्जिनियर, १ जना तथ्यांक अधिकृत, १ जना पुस्तकालय अधिकृत र १ जना छाविकार अधिकृतको दरबन्दी थियो। साबिकमा ५ जना दरबन्दी भए पनि अहिले ७ जना सचिवको दरबन्दी रहेको छ। प्रधानमन्त्री कार्यालयमा अहिले एकनारायण अर्याल, अर्जुनप्रसाद पोखरेल, लीलादेवी गड्तौला, मणिराम गेलाल, गणेशप्रसाद पाण्डे र खगेन्द्रप्रसाद नेपाल सचिव छन्। यसैगरी एक सचिव रिक्त रहेको छ। खगेन्द्र नेपाल विशेष दरबन्दीको भएकोले उनको कार्यकालपछि उक्त पद सजिलै रिक्त हुने बताइएको छ। यसैगरी उपसचिवको साबिक दरबन्दी ११ भए पनि १५ जना सहसचिव प्रधानमन्त्रीको कार्यालयमा छन्।

(क्रमशः पृष्ठ २ मा)

# धर्मकर्ममा कम्युनिस्ट नेता

धार्मिक भेषमा देखिन कम्युनिस्ट नेताको होडबाजी

प्रधानमन्त्री दाहाल, पूर्वप्रधानमन्त्रीहरु ओली, नेपाल र भट्टराईको धार्मिक रूप

वैचारिक प्रतिगमनको दिशामा नेपाली कम्युनिस्टहरु

■ जेबी योञ्जन

**काठमाडौं–** कम्युनिस्टहरू धर्म मान्दैनन् भन्ने स्थापित मान्यतालाई नेपाली कम्युनिस्ट नेताहरूले भत्काइदिएका छन्। बरु, कम्युनिस्टहरू धर्मप्रति अति नै बफादार हुन्छन् भन्ने नयाँ मान्यता स्थापित गरेका छन्।

पछिल्ला वर्षमा एकपछि अर्का नेपाली कम्युनिस्ट नेताहरू धमाधम धार्मिक नेताजस्तै देखिँदै जानुले यसको पुष्टि हुन्छ। पूर्वकूटनीतिज्ञसमेत रहेका पुराना कम्युनिस्ट नेता डा. टंक कार्कीका अनुसार कोहीकोही कम्युनिस्ट नेता त अतिवादी धार्मिक नेताकै रूपमा प्रस्तुत भइरहेका छन्।

३० मंसिरमा सकिएको एमालेको झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राका क्रममा अध्यक्ष केपी शर्मा ओलीसँगै उपाध्यक्षहरू विष्णु पौडेल र सुरेन्द्र पाण्डे ठाउँठाउँका मन्दिरहरू पुगे। हिन्दु धार्मिक पोशाक लगाए। धर्मगुरुहरूबाट आशीर्वाद थाप्दै हिँडे। सार्वजनिक भएका तस्विरका आधारमा भन्ने हो भने ओली, पौडेल र पाण्डेले धार्मिक नेताको रूपधारण गरे।


यात्राका क्रममा उनीहरूले डोटीको सिलगडीमा रहेको शैलेश्वरी माताको मन्दिर, उग्रतारा माता मन्दिर, डडेल्धुराको त्रिपुरासुन्दरी मन्दिर, बैतडीको निङ्लासइनी देवीको मन्दिर, गोरखाको गोरखकाली मन्दिर, नुवाकोटको भैरवी मन्दिरलगायतको दर्शन गरे। धार्मिक अभिमत तान्ने एमालेको रणनीतिका रूपमा कतिले अर्थ्याए र तर, वाम विश्लेषक डा. खगेन्द्र प्रसाइँ वैचारिक प्रतिगमन भन्छन्।

'धर्म अफिम भन्ने को हो ? कम्युनिस्टहरू होइनन् ? तर, कस्ता देखिए कम्युनिस्टहरू ? अझै खुल्दै जान्छ हेर्दै जानुहोला', प्रसाइँले प्रभावसँग भने, 'यो भनेको वैचारिक विचलन हो। वैचारिक प्रतिगमन हो।'









गत १७ जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमणमा जाँदा उज्जैनस्थित महाकालेश्वर मन्दिरमा उनको धार्मिक नेताको जस्तो रूप देखिएको थियो। त्यहाँ उनले हिन्दु धर्मगुरुबाट जनैसमेत लगाएका थिए। त्यहाँदेखि जलसमेत ल्याएर आए। पशुपतिनाथ मन्दिरमा उक्त जल अर्पण गरे। त्यसबेला दाहालले आफ्नो मन्त्रिपरिषद्का सबै मन्त्रीहरूलाई पशुपतिनाथ लगेका थिए। जबकि, दाहाल यसअघि दुईपटक प्रधानमन्त्री हुँदासमेत पशुपतिनाथ मन्दिरमा गएका थिएनन्।

उनले सर्वोच्च कमान्डर बनेर नेतृत्व गरेको १० वर्षे सशस्त्र युद्धको क्रममा एक जना हिन्दु धर्मगुरु मारिएका थिए। केही मन्दिर भत्काइएका थिए। हिन्दु धर्मशास्त्रहरू लेखिएको संस्कृत भाषा र त्यससम्बन्धी शिक्षाको माओवादीले युद्धकाल र त्यसपछि पनि विरोध गरेको थियो। अन्ततः संस्कृत शिक्षा विद्यालय तहमा अनिवार्य बनाइएन। जसलाई दाहाल र उनका दल माओवादीका नेता कार्यकर्ताहरू बुर्जुवा शिक्षा भन्थे। यसको विकल्पमा जनवादी र वैज्ञानिक शिक्षाको वकालत गर्थे। तर, दाहाल यतिबेला भने हिन्दु धार्मिक नेताजस्ता देखिएको राजनीतिक विश्लेषक कार्की बताउँछन्। त्यसको पछि सत्ता टिकाउने मूल स्वार्थ रहेको उनलाई लाग्छ।

'कम्युनिस्टहरूको जात र धर्म हुँदैन भनिन्थ्यो। यही स्कुलिङ नेपाली कम्युनिस्टहरूमा थियो तर यसविपरीत दाहाल, ओलीजीलगायत कम्युनिस्ट नेताहरू धार्मिक र जातीय नेताजस्ता देखिँदै गए', उनले भने, 'र, दाहालजी भारतीय संस्थापन पक्ष र नेपालको हिन्दुवादीहरूप्रति नरम देखिएर सत्ता टिकाउन धर्मभिरुजस्ता भएका हुन सक्छन्।'

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# 'सिप बिल्डिङ'मा अनुत्तीर्ण १८ जनालेमात्रै भाषा परीक्षा आवेदन दिन पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीको लागि कोरिया जान 'सिप बिल्डिङ'मा अनुत्तीर्ण भएका १८ जनाले मात्रै उत्पादनमुलक क्षेत्रमा रोजगार अनुमति प्रणाली (ईपीएस) अर्न्तगत भाषा परीक्षाको लागि आवेदन दिन पाउने भएका छन्। सिप बिल्डिङमा अनुत्तीर्ण भएकलाई पनि उत्पादनमुलक क्षेत्रमा जान भाषा परीक्षामा सहभागी गराउन उच्च अदालत पाटनले अन्तरिम आदेश दिएपछि ईपीएस कोरिया शाखाले रिट निवेदनमा नाम भएका १८ जनालाई आवेदन दिन पाउने व्यवस्था गरेको हो।

शाखाले बिहिबार मिति उल्लेख नगरी सूचना जारी गर्दै उच्च अदालतले दिएको आदेशबमोजिम रिट निवेदनमा नाम भएका सुरज पाठकसहित १८ जनालाई ईपीएस भाषा परीक्षामा सहभागी हुन पुस १३ गते अर्थात् आज शुक्रबार बिहान १० देखि ३ बजेसम्म आवेदन बुझाउन सक्ने उल्लेख गरेको छ। यसको लागि सक्कल पासपोर्ट, पासपोर्ट साइजको फोटो, सिप बिल्डिङ परीक्षाको प्रवेश पत्र र तोकिएको शुल्क लिएर ईपीएस शाखा कार्यालयमा उपस्थित हुनुपर्ने बताएको छ।

सिप बिल्डिङमा अनुत्तीर्णहरूलाई उत्पादनमूलक क्षेत्रका लागि आवेदन दिन रोक लगाइएपछि त्यसविरुद्ध पाठकसहितका १८ जनाले उच्च अदालत पाटनमा निवेदन दिएका थिए। शाखाले मंसिर १९ गते उत्पादनमूलक क्षेत्रका लागि आह्वान गरेको सूचनामा सिप बिल्डिङको परीक्षामा सहभागि भएकाहरूलाई आवेदन दिन नपाउने उल्लेख गरिएको थियो। रिटको सुनुवाई गर्दै अदालतले यही पुस ५ गते निवेदकहरूलाई आवेदन दिन रोक नलगाउन र आवेदन दिन पाउने व्यवस्था गर्न अन्तरिम आदेश दिएको थियो। उच्च अदालतले आदेश दिएपनि उल्लेखित १८ जनाबाहेक अन्यको हकमा आवेदन दिन नपाउने शाखाले जनाएको छ।

अदालतले दिएको आदेश कार्यान्वयन गर्नु आफ्नो दायित्व भएको भन्दै १८ जनालाई भाषा परीक्षाको लागि आवेदन दिन कार्यालयमा बोलाइएको शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए। उनका अनुसार तोकिएको समयमा १८ जनाले आवेदन दिन सक्ने भए पनि अन्यको हकमा कुनै निर्णय नभएको जानकारी दिए। 'रिट निवेदन दिने जतिलाई अदालतले आवेदन दिन लगाउनु भनेको छ,' उनले भने, 'यस बाहेक अरुलाई आवेदन दिन पाउने छैनन्, शाखाले सोही अनुसार तयारी गर्दैछ।'

# अजरबैजान र कुवेत पठाइदिन्छु भन्दै ठग्ने दुई जना पक्राउ

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारीको लागि अजरबैजान र कुवेत पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिसँग रकम ठगी गर्ने दुई जना पक्राउ परेका छन्। उक्त मुलुकमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा हरिकुमार दाहाल र दिपेन्द्रकुमार राउतलाई प्रहरीले पक्राउ गरेको हो।

खोटाङको दिक्तेल रूपाकोट मझुवागढी गाउँपालिका- ६ घर भई काठमाडौं बुढानिलकण्ठ बस्ने ५१ वर्षीय दाहालले खेमबहादुर डाँगीलाई अजरबैजान पठाई प्रतिष्ठित होटलमा मासिक ७५ हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी ६ लाख ७७ हजार रूपैयाँ ठगी गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ। उनलाई खोजतालासका क्रममा बुढानिलकण्ठबाटै पक्राउ गरिएको बताइएको छ।

त्यस्तै धनुषाको धनुषाधाम नगरपालिका- ५ घर भई हाल ललितपुर टिकाथली बस्ने २० वर्षीय राउतले अजय कुमार साहलाई कुवेत पठाई एक प्रतिष्ठित होटलमा मासिक ६५ हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी तीन लाख रूपैयाँ ठगी गरेको खुल्न आएको छ। उनलाई खोजतालसको क्रममा टिकाथलीबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।

कांग्रेस बैठक

# मन्त्रीहरूको समीक्षा आज



**काठमाडौं–** बिहीबारबाट शुरु भएको नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक आज पनि बस्नेछ। जारी बैठक ११ बजेबाट शुरु हुने नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। बिहीबार दिउँसो १ बजे सभापति शेरबहादुर देउवाको अध्यक्षतामा सुरु भएको बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तावहरू प्रस्तुत गरे।

बैठकमा 'समुदायमा कांग्रेस अभियान'को कार्ययोजनाका सम्बन्धमा महामन्त्री गगन थापाले र जाजरकोट भूकम्पका सम्बन्धमा सहमहामन्त्री जीवन परियारले बैठकलाई जानकारी गराएका थिए। बिहीबारको बैठकमा केन्द्रीय सदस्यहरू दिलेन्द्रप्रसाद बडू, कृष्णचन्द्र नेपाली पोखरेल, दीपक गिरी, मीनबहादुर विश्वकर्मा, मोहनबहादुर बस्नेत, देवेन्द्रराज कँडेल, डा डिला सङ्ग्रौला, कर्णबहादुर बुढा, राजीव कोइराला, नैनसिंह महर, मुक्ताकुमारी यादव, रंगमती शाही, मदनकृष्ण श्रेष्ठ, भरतकुमार शाह, सीतादेवी देवकोटाले धारणा राखे।

### मन्त्रीहरूको रिपोर्ट आज

कांग्रेसले सरकारमा सहभागी मन्त्रीहरूको काममाथि समीक्षा गर्ने प्रमुख एजेन्डासहित बैठक डाकेको थियो। यद्यपि दिउँसो ३ बजे नै मन्त्रिपरिषद्को बैठक भएकाले मन्त्रीहरू केन्द्रीय समितिबाट बाहिरिए।

कांग्रेसका दुई उपसभापति पूर्णबहादुर खड्का, धनराज गुरुङ, प्रवक्ता डा प्रकाशशरण महत, केन्द्रीय सदस्यहरू एनपी साउद, मोहन बस्नेत, सीता गुरुङ र रमेश रिजाल सरकारमा सहभागी छन्। सुरेन्द्रराज आचार्य र डिगबहादुर लिम्बु केन्द्रीय समितिमा छैनन्। ढिला गरी शुरु भएको बैठकमा स्वास्थ्य मन्त्री बस्नेतले भने आफ्नो रिपोर्ट प्रस्तुत गरेका थिए। अधिकांश नेताहरूले मन्त्रीहरूको रिपोर्टअघि आफ्नो धारणा नराख्ने जनाएका छन्। त्यसैले आजको बैठकमा मन्त्रीहरूको रिपोर्ट कार्ड मुख्य एजेन्डा रहने कांग्रेसले जनाएको छ।

### भएन लाइभ, खाण अनुपस्थित

साउनबाट कांग्रेस केन्द्रीय समितिको बैठक प्रत्यक्ष प्रसारण गर्न थालिएको थियो। यसपटक भने बैठक लाइभ गरिएन।

(क्रमशः पृष्ठ २ मा)

# मानवीय त्रुटिले विमान दुर्घटना भएको निष्कर्ष

**काठमाडौं–** गत माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको एटीआर-७२ जहाज दुर्घटना मानवीय कारणले भएको निष्कर्ष निकाल्दै दुर्घटना जाँच आयोगले बिहीबार अन्तिम प्रतिवेदन सरकारलाई बुझाएको छ ।

पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले आठ महिना तीन दिन लगाएर तयार पारेको प्रतिवेदन आज संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको हो ।

'जहाज अवतरणको क्रममा ककपिटमा रहेका पाइलटले फ्लेप लिभर तान्नुपर्ने थियो तर, कन्डिसन लिभर तानेको पाइयो । यसले गर्दा जहाजस्थिर हुनसकेन', जहाज दुर्घटनाको कारण बताउँदै आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले भने, 'पाइलटका लागि नयाँ विमानस्थल थियो । धावनमार्ग वरिपरी टेरेन्ट पनि थियो । यो पनि दुर्घटनाको कारक थियो । उक्त दुर्घटनामा मानवीय पक्ष बढी जिम्मेवार देखिन्छ ।'

एटीआर-७२ हवाईजहाज दुर्घटनाको मुख्य कारण मानवीय कमजोरी देखिएको आयोगका अध्यक्ष नगेन्द्रप्रसाद घिमिरेले जानकारी दिए । उनले भने, 'पाइलटले फ्लेप लिभर (जहाजको स्पिडलाई स्लो गर्ने) तान्नुपर्नेमा दुर्भाग्यवस 'कन्डिसन लिभर' तानेको देखिन्छ । जसले गर्दा जहाज 'फिदर कन्डिसन' मा गएपछि अगाडिको 'मोसन' जहाजले नपाएकाले दुर्घनाग्रस्त हुन पुगेको हो । दुर्घटनाको विश्लेषण गर्दा मानवीय त्रुटी बढी देखियो ।' अध्यक्ष घिमिरेका अनुसार जहाज दुर्घटनाको अर्को कारणमा नयाँ विमानस्थल पूर्ण तयारी नभइकन सञ्चालनमा ल्याइनु पनि हो ।

मन्त्री किरातीले प्रतिवेदनमा दिइएका सुझावका विषयमा सञ्चालक, नियामक निकाय र मन्त्रालय तिनै पक्षले कडाइका साथ कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने विश्वास व्यक्त गरे । आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठ बुँदे सुझाव दिएको छ ।

विमान दुर्घटना भएकै दिन सरकारले पूर्वसचिव घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा हवाई विज्ञ नेपाली सेनाका अवकाशप्राप्त क्याप्टेन दीपकप्रकाश बाँस्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा, जहाज मर्मतसम्भार विषयका इञ्जिनियर एकराजजङ्ग थापा र आयोगको सदस्य सचिवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने थिए ।

सहसचिव लामिछानेले अहिलेसम्मकै बढी समय लगाएर दुर्घटनाग्रस्त जहाजबारे विस्तृत अध्ययन अनुसन्धान गरिएको दाबी गरे । विभिन्न मुलुकका यात्रु पनि दुर्घटनामा परेकाले अन्य मुलुकको चासो रहेको थियो । जहाजको उपकरण फ्रान्सको सुविधासम्पन्न ल्याबमा परीक्षण गरिएको थियो । दुर्घटना जाँचका सम्बन्धमा सिंगापुरमा विज्ञसँग पनि छलफल गरिएको थियो ।

जहाज प्राविधिक कारणले नभई मानवीय (पाइलट) को त्रुटिका कारण दुर्घटनामा परेको अयोगले निष्कर्ष निकाल्दै जहाजले जम्मा २८ हजार सात सय ३१ घण्टा ३३ मिनेट (दुर्घटनाको समयसम्म) मात्र उडान भरेको पाइएको जनाएको छ ।

एटीआर फ्रान्सः एभियसन डी ट्रान्सपोर्ट रिजिनल तथा इटालियनः एयरी डी ट्रान्सपोर्ट रिजिनलले उत्पादन गरेको उक्त जहाज ३० हजार एक सय चार साइकल उडेको आयोगको प्रतिवेदनमा उल्लेख गरेको छ । जहाजको नियमित चेकजाँच, सर्भिसिङको समय सन् २०२३ अप्रिल २४ सम्म रहेकामा समयअगावै प्राविधिक समस्या नरहेको जनाउँदै १४ जनवरी, २०२३ मा जहाज दुर्घटनामा परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । जहाज उडानका क्रममा दुवै इञ्जिनका प्रोपेलरहरू फेदरमा गएपछि तत्काल गतिशीलता दिन नसक्दा जहाज दुर्घटना परेको अध्ययन समितिको निष्कर्ष छ ।

प्रतिवेदनमा जनाइए अनुसार बिहानको १०:५१ बजे काठमाडौंबाट पोखराका लागि उडेको जहाज अवतरण गर्ने क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मौसम, भिजिविलिटी तथा प्राविधिक पक्ष राम्रो रहेको थियो । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### धार्मकर्ममा कम्युनिस्ट...

प्रधानमन्त्री दाहालले गत सातामात्रै नैतिक शिक्षाको समेत खाँचो औंल्याए । उनी नेतृत्वमा सशस्त्र द्वन्द्व सुरु हुनुभन्दा अघि १०० पूर्णाङ्कको हिन्दु धर्म र सोही धर्मसँग सम्बन्धित नीतिशास्त्रमा आधारित नैतिक शिक्षा तत्कालीन निम्न माध्यमिक तहदेखि नै अनिवार्य थियो । तर, सशस्त्र युद्धकै बेला माओवादीले ठाउँठाउँमा उक्त पुस्तक जलाएपछि हटाइएको हो ।

यद्यपि, ८० हजारसम्म तलब खाने शिक्षकहरूसमेत देश छाड्दै विदेशिने क्रम अहिले चलिरहेको भन्दै प्रधानमन्त्री दाहालले नैतिक शिक्षाको खाँचो औंल्याएका छन् । त्यहाँ देश, संस्कृति र नेपाली इतिहासको माया दर्शाउने विषयवस्तु हुने र जसले देशप्रेम जगाउने उनको भनाइ थियो ।

दाहालको यस्तो अभिव्यक्ति महाकालेश्वर मन्दिरमा धार्मिक नेताको भेषमा देखापरेको करिब सात महिनापछि आएको हो । यसले उनी समाजवादभन्दा पनि धर्मवादमा फसेको कतिपयको विश्लेषण छ । यसरी धार्मिक नेताजस्तो देखिँदै गएका कम्युनिस्ट नेताहरू ओली र दाहालमात्रै भने होइनन् । पूर्वप्रधानमन्त्रीहरूसमेत रहेका कम्युनिस्ट नेताहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई पनि छन् । उनीहरू यसअघि नै हिन्दुधार्मिक भेषमा देखिइसकेका छन् । कम्युनिस्ट नेताहरूको यसरी विस्तारै धार्मिक रूप प्रकट हुँदै जाँदा भने पुराना कम्युनिस्ट नेताहरू असन्तुष्ट छन् । उनीहरू यसलाई विकृत वैचारिक स्खलन मान्छन् ।

तर, त्यसबेला कम्युनिस्ट नेताहरू धार्मिक रूपमा देखिए, जतिबेला संसद्मा हिन्दुराष्ट्र र राजसंस्था चाहने राप्रपा पाँचौं शक्तिको रूपमा छ । हिन्दुराष्ट्र र राजसंस्थाको माग पनि अझ ठूलो स्वरमा सुनिन थालेको छ । कांग्रेसको गण्डकी प्रदेशले धर्मनिरपेक्षता हटाउनुपर्ने माग अघि सारिसकेको छ ।

यसअघि सर्वदलीय बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवाले धर्मनिरपेक्षताबारे बहस गर्न सकिने विवरण सार्वजनिक भएको थियो । प्रधानमन्त्रीकै दल माओवादीकी उपाध्यक्ष पम्फा भुसालले पनि यसअघि बसेको पार्टी बैठकमा धर्मनिरपेक्षता हटाउनुपर्ने धारणा राखेकी थिइन् ।

यहीबेला शीर्षस्थ कम्युनिस्ट नेताहरू नै धार्मिक नेताजस्ता देखिन थालेका हुन् । यसलाई लिएर कतिपयले भने हिन्दुवादीहरूको मत प्राप्त स्वार्थसँग धार्मिक रूपमा उनीहरू प्रकट भएको अनुमान गरेका छन् ।

### संरचनामा 'फास्ट ट्र्याक'...

त्यसैगरी २० जना नायब सुब्बा, १ जना लेखापाल, ३४ जना कम्प्युटर अपरेटर, १ जना पुस्तकालय सहायक, १ जना मेकानिकल सुपरभाइजर, ५ जना खरिदार, सवारी चालक, कार्यालय सहयोगी गरी ५१ जना श्रेणीविहीनसहित कुल २३९ जना कर्मचारीहरूको दरबन्दी थियो ।

प्रधानमन्त्रीले ६८ कर्मचारीमध्ये २ जना सचिव कटौती गरी ३ जनामात्र सचिव राख्ने तयारी गरेको छ । यसको विस्तृत विवरण भने केही दिनमा आउने प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए । 'दुई सचिवसहित केही सहसचिव र कर्मचारीको दरबन्दी हटाउने निर्णय भएको छ,' आचार्यले भने, 'विस्तृत विवरण सदर भएरमात्र प्रकाशित हुनेछ ।' प्रधानमन्त्री कार्यालयबाट कटौति गरेका कर्मचारीलाई अन्यत्रै पदस्थापन गरिने मन्त्री शर्माले बताएकी छिन् । अब प्रधानमन्त्री कार्यालयमा १७० जनाको हाराहारीमा सरकारी कर्मचारी हुनेछन् ।

#### कार्यशैलीमा भने आएन परिवर्तन

दाहालले आफ्नो कार्यशैली पनि परिवर्तन गर्ने उद्घोष गरेका थिए । यद्यपि घोषणाको भोलिपल्टै गोरखास्थित नातिनीको घर पुगेर उनी आलोचित बनेका छन् । गण्डकी गाउँपालिकास्थित घ्यालचोक ज्यामिरघाटमा उनी नातिनी प्रतिभा र नातिनी ज्वाइँको घर पुगेका थिए । सेनाको हेलिकप्टरमा नातिनीका घर हेर्न पुगेपछि दाहाल आलोचित बनेका हुन् ।

जनताको नाममा गरिएको सम्बोधनमा दाहालले आफू अपरिहार्यबाहेक बाहिरका कुनै कार्यक्रममा नजाने बताएका थिए । 'देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु । यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिने छ,' दाहालले भनेका थिए, 'केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु । सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुने छ ।' आज पनि दाहाल दोलखा महोत्सव उद्घाटन गर्न चरिकोट पुग्दैछन् ।

### मन्त्रीहरूको समीक्षा...

यसैगरी बैठकमा केन्द्रीय सदस्य बालकृष्ण खाण उपस्थित भएनन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका खाण मंसिर २९ गते धरौटीमा रिहा भएका थिए । यसअघिका केन्द्रीय समितिमा केही सदस्यहरूले उनलाई केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने माग गरेका थिए । खाण पत्नी मञ्जु खाण भने बैठकमा उपस्थित थिइन् ।


## सटर खोल्न आउने बारे १५ दिने सूचना

का.म.न. वडा नं. १४ कलंकी सहिद मेमोरियल हस्पिटल हनुमान गल्ली इस्थित कित्ता नं. ५३१ को म राधा देवी रानाभाटको नाममा रहेको घरमा भाडामा बस्न भनि विगत ३ महिना अगाडी केहि सामान ल्यार सटर कोठामा राखि सम्पर्क बिहिन भई उक्त व्यक्ति नाम थर ठेगाना अनि सम्पर्क नम्बर समेत थाहा नभएको निजले घरपेटी संग पनि सम्पर्कमा नआएको हुनाले उक्त सटरको ताला खोल्ने कानुन बमोजिम अनुमती चाहन्छु ।

निवेदक
राधा देवी रानाभाट
9849023080

## प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड

PRABHU URJA KRISHI PARYATAN BIKAS LIMITED

का.जि.का.म.न.पा-३२, काठमाडौंको

### शेयर बापतको रकम भुक्तानी गर्न संस्थापक शेयरधनीहरूको नाममा जारी गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१३

प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड कम्पनीको मिति २०८०/०९/१२ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थापक शेयरधनीले लिन कबुल गरेको १००% शत्प्रतिशत शेयर पूंजी पुऱ्याउन शेयर पूँजीको थप ३० प्रतिशतले हुन आउने शेयर बापतको रकम कम्पनीको प्रभु बैंक लिमिटेड कोटेश्वर शाखाको चल्ती खाता नं. ११५०१५३४०७८०००१८ मा ३० दिनभित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम अनुरोध गरिन्छ ।

संचालक समिति
प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ALI ABDULLAH AL-QARNI AUTOMOTIVE SERVICES EST

पूर्व स्वीकृति मिति : २०८०/०९/११ LT. No. 297120 चलानी नं.६०२१२१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 5 | 0 | 1200 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RELAX TREATMENT HEALTH INSTITUTE AND SALON COMPANY FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति २०८०/०९/११ LT. No.297086 चलानी नं. ६०२१२१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 8 | 200 | ८६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला : बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१२ LT. No. 291195 चलानी नं. ६०२०६४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०१/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१२ LT. No. 284813 चलानी नं. ६०२००२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३६,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०९/१३ गते

यस कम्पनीको मिति २०८०/०७/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **जयश्री कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **के.आई.जी.ग्रुप प्रा.लि. नं.(२७००१२)** (नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०८/२० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जयश्री कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/१३ गते)

दशरथ वलीको नाति, पन्चराम वलिको छोरा, दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वंडा नं. ०८ बस्ने श्री भान बहादुर वलीको मिति २०८०/०६/२४ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०६०००९३०७३००००००२ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोरा बल बहादुर वलीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नारायणपुर, दाङ्ग फोन नं. ०८२-५३०२५८/५९

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARC ELECTRICAL CONTRACTING.

पूर्व स्वीकृति मितिः २०८०/०९/१२ LT. No. 297185 चलानी नं. ६०२१२२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech. | 1 | 0 | 1100 | ४०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | electrician | 2 | 0 | 1100 | ४०,२३५ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९१,४४५ | | | | | | | |
| 4 | General Supervisior | 1 | 0 | 3000 | १,९,७३४ | | | | | | | |
| 5 | LABOUR | 4 | 0 | 1000 | ३६,५७८ | | | | | | | |
| 6 | MANAGER VARIETY | 0 | 1 | 5700 | २,७४,३३५ | | | | | | | |
| 7 | Public Relation Director | 3 | 0 | 5700 | २,७४,३३५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,८६७ | | | | | | | |
| 9 | Representative | 2 | 0 | 2200 | ८०,४७१ | | | | | | | |
| 10 | SUPERVISIOR | 1 | 2 | 3000 | १,९,७३४ | | | | | | | |

कम्पनी : Arwa Shopping Center

पूर्व स्वीकृति मितिः २०८०/०९/१२ LT. No. 297184 चलानी नं. ६०२११९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 1 | 0 | 1000 | ३६,५७८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 2 | 0 | 1300 | ४७५५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैले

सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUISEE

पूर्व स्वीकृति मिति २०८०/०९/११ LT. No. 297215 चलानी नं. ६०२१२१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1700 | ६१,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 2 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 3 | Salesman | 0 | 3 | 1400 | ५०,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## मोटरसाईकल हरायो

मिति २०८०।०८।०५ गते बिहान ७ देखी ८ बजे भित्रमा का.जि. टोखा न.पा. वडा नं. ०७मा पार्किङ गरिराखेको स्थानबाट मेरो निम्न व्यहोरा भएको २२० सिसिको कालो/रातो रंगको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला

नाम : रमेश प्रसाद बजगाँई
मो.सा.न.: बा. प्रदेश ०२-०४६ प ५७३४
चेसिस नं.:MD2A13EXN8NCM85075
इन्जिन नं. : DKXCNM39415
सम्पर्क नं. : 9841604930

## सच्याइएको

यस प्रभाव दैनिकको अंक २३८ पौष १२ गते २०८० मा प्रकाशित Like International Pvt.ltd. को Lot No. 2297111 को Seattle International Services कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मितिः २०८०, पौष २०/२१ (Jan 5/6, 2024)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

Like International (Pvt) Ltd.
श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/१७ गते का.जि. टोखा न.पा ८, वानियाटार स्थित कृष्ण प्रजापतिको घरको पार्किङबाट 220 cc Pulsar रातो, कालो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : अमृत थापा
बाइक नं.: बा.प्र.०२-०४२ प २७४५
च्यासिस नं.: MD2A13EX5MCG93397
इन्जिन नं. : DKXCMG 25688
ठेगानाः शिवपुरी ५, नुवाकोट
सम्पर्कः ९८५१३१५४११, ९८४६७३१०००

## छाप तथा प्रमाणपत्र हराएको सूचना

मितिः २०८०/०९/०९ गते काठमाडौं, बसुन्धारादेखि तीनकुनेसम्म जाने क्रममा मेरो नोटरी पब्लिकको छाप तथा प्रमाणपत्र नं.११०७ हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : टंक बहादुर राउत
ठेगाना.: काठमाडौं
सम्पर्कः ९८४१७७९९५५

# जीर्णोद्धारको पर्खाइमा कविलासपुरगढी

**भरतपुर (चितवन)–** भरतपुरको ऐतिहासिकस्थल कविलासपुरगढी जीर्णोद्धारको पर्खाइमा छ । सेन राजाको शासनकालमा निर्माण भएको यो गढी वि.सं. १८३६ सम्म गृष्मकालीन राजधानी थियो । गढीको तत्कालीन अवस्थाको भग्नावशेष छ । तर संरक्षण नहुँदा ऐतिहासिक तथ्य र प्रमाण नष्ट हुने खतरा बढेको बागमती प्रदेशका पूर्वमन्त्री विजय सुवेदी बताउँछन् । उनले गढीको जग्गा यकीन गरेर तारबार गर्नुपर्ने बताए । 'किल्लामा तत्कालीन समयमा बनेका संरचनाको नक्सा बनाएर डिपिआर बनाउन आवश्यक छ, पछि बनाइएका अतिरिक्त संरचना हटाउनुपर्छ,' उनले भने ।

गढीभित्र र बाहिर लालीगुराँसका फूल लगाएर रमणीय बनाउनुपर्ने भन्दै उनले पर्यटक सहजरूपमा जान सक्नेगरी यातायातको प्रबन्ध गरिनुपर्ने बताए । उनले गढीबाहिर पर्यटकका लागि आकर्षक पार्क, सुविधासम्पन्न होटललगायतका क्रियाकलाप गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

भरतपुर महानगरपालिका-२९ मा पर्ने गढी समुद्र सतहबाट एक हजार १८४ मिटर उचाइको महाभारत शृंखला उच्च पहाडमा अवस्थित छ । नारायणगढ-मुग्लिन सडकखण्डको भोर्लेबाट १० किलोमिटरको दूरीमा कविलासपुरगढी पुग्न सकिन्छ । यस गढीको दक्षिणतर्फ ठाडो भिर रहेको छ । उक्त गढीको पूर्व-पश्चिम धारिलो पहाड छ । पहाड निकै परसम्म फैलिएर रहेको छ ।

भरतपुर महानगरपालिका-२९ का वडाध्यक्ष सूर्यबहादुर गुरुङले कविलासपुरगढीको जीर्णोद्धार गरिने बताए । उनले भने, 'भरतपुर भ्रमण वर्षलाई केन्द्रित गरेर केही काम गर्ने तयारी थियो, भ्रमण वर्ष रोकिएपछि काम पनि अघि बढ्न सकेको छैन ।' उनले यस वर्ष वडाले केही बजेट विनियोजन गरेको भन्दै तारबार र गढी संरक्षणका काम गरिने बताए । उनले प्रदेश र संघ सरकारसँगको समन्वयमा गढीको संरक्षण गरिने बताए ।

यस गढीमा तत्कालीन पाल्पाका राजा मुकुन्द सेनले सुरक्षा किल्ला निर्माण गरेका थिए । सेन राजाको शासनकालमा निर्माण भएको भए पनि यो गढी धेरै पछिसम्म प्रयोगमा आएको थियो । गढीबाट अवलोकन गर्दा उत्तर-दक्षिण दुवैतर्फ धेरै परसम्मको भू-भाग दृश्यावलोकन गर्न सकिन्छ । यहाँ पुरानो बंकर, तोप हान्ने यन्त्र, प्रशासनिक भवन, चौकी तथा कविलास दरबारका भग्नावशेष ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण सामग्री छन् । *रासस*


लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, प्यूठान

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०९/१३**

यस कार्यालयमा मुद्दावाट प्राप्त खयर जातको काठ थान १५८ को परिमाण ३२२.८१ क्यू.फिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । काठ दाउरामा आधारित उद्योग संचालन गर्न इजाजत प्राप्त गरी संचालनमा रहेका तथा सुचिकृत भएका काष्ठ व्यवसायिहरूवाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०४/०५ मा दर्ता भएको (प्रा.लि. नं. २९४१०८) को **पाँच पाण्डव इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/११ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
को

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: पौष १३,२०८०**

यस कम्पनीको मिति पौष १०, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**तपशिल**

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८० पौष २६ गते ।
समय : बिहान ९:०० बजे ।
स्थान : कम्पनीको रजिष्टार्ड कार्यालय, का.जि.का.म.न.पा. ३२, काठमाडौं ।

**प्रस्तावहरु :**
१) कम्पनीको प्रबन्धपत्रको दफा ६ संशोधन गरी पूँजी बृद्धी गर्ने सम्बन्धमा ।
२) कम्पनीको नियमावलीको नियम २७ संसोधन एवं थप गर्ने सम्बन्धमा ।
३) नियमक निकायहरुको निर्देशनमा प्रवन्धपत्र/नियमावलीका प्रस्तावित संशोधनहरूमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४) स्वपूँजी लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा ।
५) विविध ।

संचालक समिति
प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
का.म.न.पा. ३२, काठमाडौं
फो.नं. ०१-५९०४९६१, ०१-५९०४९६४

PRABHU CABLE CAR & TOURISM LIMITED

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २३७ पौष ११ गते २०८० मा प्रकाशित **Mass Human Resource Pvt. Ltd.** को Lot No. **265686** को **Encompass Industries Sdn.bhd** कम्पनीको विज्ञापन भूलबस प्रकाशित हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068

## सच्याइएको

यस प्रभाव दैनिकको अंक २३८ पौष १२ गते २०८० मा प्रकाशित **The Center Overseas Concern Pvt.ltd** को Lot No. **292231** को **MC-General Traders Ltd** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति: २०८०, पौष १९ (Jan 4, 2024)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OX FOR HOSPITALITY SERVICES**
पूर्व स्वीकृति मिति : २०८०/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१२ | LT. No. 286649 | चलानी नं. ६०२०२२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 0 | 2 | 1400 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ABU SHAKER JUICE W.L.L.**
पूर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१२ | LT. No. 288178 | चलानी नं. ६०२०३५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 1 | 1 | 1200 | ४३,३९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 1 | 1200 | ४३,३९५ | | | | | | | |
| 3 | Juice Maker | 1 | 1 | 1200 | ४३,३९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २० गते (5th Jan. 2024) मा हुनेछ ।**

